आज मिति २०७६।०४।१८ गतेका दिन बिहान ९:०० बजे यस परशुराम नगरपालिकाको नगरकार्यपालिकाको नवौं बैठक नगर प्रमुख श्री भरत बहादुर जोशीज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा बसि देहायका निर्णय गरियो।

उपस्थिति

नगर प्रमुख श्री भरत बहादुर जोशी
नगर उपप्रमुख श्री बिमला कुमारी बोहरा
१ नं. वडा अध्यक्ष श्री लाल बहादुर धामी
२ " " श्री रमेश बहादुर बोहरा
३ " " श्री नरेश बहादुर खवास
" " श्री बिक्रम सिंह बोहरा
५ " " श्री दिल बहादुर शाही
६ " " श्री खगेन्द्र बहादुर सिंह
७ " " श्री कर्ण बहादुर धामी
८ " " श्री दिनेस प्र. जोशी
१० " " श्री राजकुमार भट्ट
११ " " श्री प्रकाश ऐर
१२ " " श्री महाविर कामी
नगरकार्यपालिका सदस्य श्री कु. मीना औरा भण्डारी
" " श्री दुर्गा खाती
" " श्री बिमला खाती
" " श्री लिलावती कु. बोहरा
" " श्री हेमन्ती दमाई
" " श्री गौरी लुहार
" " श्री मेघ ब. औरखेडा
" " श्री शिबिराम कामी
प्रमुख प्रशासकीय अधिकृत श्री तारानाथ पनेरु
शाखा अधिकृत श्री कृष्णदेव जोशी
लेखा अधिकृत श्री धन बहादुर साउद
कानून अधिकृत श्री गोविन्दराम जोशी
सूचना प्र. अ. श्री दिपेन्द्र जोशी

**परशुराम नगरपालिका नगरकार्यपालिकाको मिति २०७९।०४।१८ गतेको नवौं बैठकका निर्णयहरु**

निर्णय नं. ०१

सम्मानीत श्री सर्वोच्च अदालतबाट यस परशुराम नगरकार्यपालिका डडेल्धुरा समेतका विरुद्ध दलबीर डाडीको छोरा डडेल्धुरा जिल्ला परशुराम नगरपालिका वडा नं. ०९ बस्ने जनज्योति माध्यमिक विद्यालय गाइबाँधे बजारको सहयोगी वर्ष ६१ को लालबहादुर डाडीको वारेस ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं. १५ लगनखेल बस्ने बर्ष ४१ को शंकरबहादुर कुमालले उत्प्रेषण परमादेश समेतको रिट निवेदन दायर गरेकोले उक्त रिटको म्याद तामेली मिति २०७९/०४/०३ गतेका दिन भएकोमा यस परशुराम नगरपालिकाका कानून अधिकृत गोविन्दराज जोशीलाई सो रिट निवेदनको लिखित जवाफ पेस गर्न, मुद्दामा पुर्पक्ष लगायतका अन्य सम्पूर्ण कार्यहरु गर्नका लागि स्वयं आफू वा कानून बमोजिमको प्रतिनिधी नियुक्त गर्न वारिस अख्तियारीनामा यस वैठकद्वारा दिने निर्णय गरियो ।

निर्णय नं २

यस परशुराम नगरपालिकामा कार्यरत करार कर्मचारीहरुको कार्यसम्पादन मुल्याङ्कन तथा नियमानुसार ३ महिना देखि ६ महिना सम्म म्याद थपका लागि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो । साथै यस परशुराम नगरपालिकामा रिक्त रहेका स्वास्थ्यकर्मीहरु एवं पनपा ०७ को रिक्त पशु प्रविधीक सहित अन्य रिक्त प्राविधिक कर्मचारीहरुको पदपूर्ति प्रक्रिया अगाडी बढाउन र नगरपालिकाको विज्ञ सल्लाहकार, बालसंरक्षण अधिकारीको विज्ञापन प्रकास गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो । साथै नगरपालिका मातहातका कुनै पनि वडा कार्यालय, शाखा कार्यालयहरु, विद्यालय लगायतका अन्य कार्यालयहरुमा करारमा कर्मचारी नियुक्त गर्नुपरेमा नगरकार्यपालिकाको वैठकबाट निर्णय गरी सूचना प्रकासन गरी प्रतिस्पर्धाद्वारा कर्मचारी ब्यवस्थापन गर्ने गरियो । स्विकृत दरवन्दीमा रिक्त पदहरुमा स्थायी पदपूर्तिका लागि प्रदेश लोक सेवा कार्यालय र

संघीय सरकारलाई अनुरोध गर्ने निर्णय गरियो । स्थायी पदपूर्ति भइ आएमा सम्बन्धीत पदमा करारमा कार्यरत कर्मचारीको करार स्वत: खारेज हुने निर्णय गरियो ।

निर्णय नं.०३

यस परशुराम नगरपालिका अन्तर्गत श्री सिद्धनाथ मा. वि. मलासको प्रा. वि. राहत कोटामा कार्यरत शिक्षक श्री जानकी जोशीलाई शिक्षा विकास निर्देशनालय दिपायल डोटिको च. नं. १७०, मिति २०७८।०७।१६ गतेको पत्रानुसार श्री सिद्धनाथ मा. वि. वेलडाँडी शुक्लाफाटा नगरपालिका वडा नं. ८, कंचनपुरको प्रा. वि. रिक्त राहत कोटामा कामकाज गर्न खटाईएको र कामकाज गर्न खटाईएको विद्यालयले निज शिक्षकलाई हाजिरी गराएको भनी पुनः शिक्षा विकास निर्देशनालय दिपायल डोटीको च. नं. ३०६, मिति २०७८।१०।२८ को पत्र प्राप्त भएकोमा श्री सिद्धनाथ मा. वि. मलासको प्रा. वि. राहत पद रिक्द भएको जानकारी भइ श्री सिद्धनाथ मा. वि. मलासको सो रिक्त कोटामा यस परशुराम नगरपालिका अन्तर्गत रहेको श्री सरस्वती आ. वि. गुप्तिगडा वडा नं. ८ को च. नं. ४८, मिति २०७८।०९।१५ को पत्रानुसार उक्त विद्यालयमा प्रा. वि. राहत कोटामा कार्यरत शिक्षक पारभती कुमारी धामीलाई मिति २०७८।०९।१५ को वि. व्य. स. निर्णयानुसार सरुवा भई जान सहमति दिइएको र श्री सिद्धनाथ मा वि मलासको च. नं. ५९, मिति २०७८।०८।२४ को पत्र र मिति २०७८।०८।२४ को वि. व्य. स. को निर्णयमा निजलाई उक्त विद्यालयमा सरुवा भै आउन सहमति दिएको पत्र बमोजिम विद्यालय समायोजन तथा दरबन्दी मिलान २०७८ कार्यदलको निर्णयानुसार श्री सरस्वती आ. वि. गुप्तिगडाको प्रा. वि. राहत कोटामा कार्यरत शिक्षक श्री पारभती कु. धामीलाई श्री सिद्धनाथ मा. वि. मलासको समाना पद र श्रेणीमा कामकाज गर्न खटाउने निर्णय गरियो । साथै शिक्षक श्री जानकी जोशी श्री सिद्धनाथ मा. वि. मलासमा कुनै कारणबश फिर्ता हुन चाहेमा समेत उक्त राहत शिक्षक पदमा कुनै पनि कारणबाट निज स्वत नरहने निर्णय गरियो । साथै सरस्वती आ. वि. गुप्तिगडामा प्रा. वि. मा

रिक्त शिक्षक पदका लागि नियमानुसार विज्ञापन प्रकासन गर्न विद्यालयलाई अनुमती दिने निर्णय गरियो ।

निर्णय नं.०४

मिति २०७९/०४/१७ गतेको लघु उद्यम विकास समितिबाट सिफारिस तथा स्वीकृत भइ आएको चालु आ. व. २०७९/०८० को बजेट, वडा छनौट एवं कार्ययोजना अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ०५

यस परशुराम नगरपालिका अन्तर्गत वडा नं. ११ को भट्टेनीमा मिति २०७९/०२/०७ गते बसेको आमभेला र ११ नं. वडा कार्यालयको च. नं. ५८५, मिति २०७९/०२/१७ गतेको सिफारिस अनुसार वडा नं. ११ को भट्टेनी क्षेत्र विद्यालय सेवा क्षेत्रबाट टाढा रहेको र उक्त क्षेत्रबाट बालबिकासको माग भइ आएकाले यस परशुराम नगरपालिका अन्तर्गत श्री शिव शंकर मा. वि. साँदनी पनपा ०७ र बसन्त प्रा. वि. साँदनी पनपा ७ समायोजन हुँदाका बखत तत्कालीन बसन्त प्रा. वि. साँदनीको बालविकास कोटा रिक्त रहेकोले उक्त बालविकासलाई पनपा ११ स्थित श्री सिद्धभगवती प्रा. वि. सिमलवण्डको मातहतमा रहने गरी भट्टेनी क्षेत्रमा वालविकास स्थापना गर्न कार्य प्रक्रिया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ०६

अपाङ्गता भएका व्यक्तिको परिचय – पत्र वितरण कार्यविधि २०७६ को दफा ०६ (१) बमोजिम परशुराम नगरपालिकाको अपाङ्गत समन्वय समितिको गठन तपसिल बमोजिम गर्ने निर्णय गरियो ।

तपसिल:

(क) संयोजक - नगर उपप्रमुख श्री विमला कुमारी बोहरा

(ख) सदस्य - सामाजिक विकास समिति संयोजक

(ग) सदस्य - प्रमुख प्रशासकीय अधिकृत

(घ)सदस्य - नगरपालिकाको महिला सदस्य मध्येबाट नगरकार्यपालिकाले तोकेको एक जना सदस्य मिना देवी सुनार

(ङ)सदस्य –नगरपालिका भित्रको अस्पताल एवं स्वास्थ्य केन्द्रको चिकित्सक

(च) सदस्य – स्थानीय तहको प्रहरी प्रमुख

(छ) सदस्य – अपाङ्गता भएका व्यक्तिको हक, हित र संरक्षणको क्षेत्रमा स्थानीय स्तरमा कार्यरत संघ संस्थाहरु मध्येबाट नगरपालिकाको नगर प्रमुखले मनोनित गरेको संस्थाको प्रतिनिधी

(ज) सदस्य- नगरपालिका भित्रका अपाङ्गता भएका ब्यक्तिहरु मध्येबाट नगरकार्यपालिकाले मनोनयन गरेको एक जना अपाङ्ग श्री मिनेष ठगुन्ना

(झ) सदस्य सचिव – नगरपालिकाको महिला विकास शाखा प्रमुख

निर्णय नं. ०७

ग्रामीण महिला विकास तथा एकता केन्द्र (रुडुक) को च. नं. ०३, मिति २०७९/०४/१६ गतेको आपतकालीन सुरक्षित आवास गृह निर्माण सम्बन्धमा प्राप्त पत्रानुसार उक्त संस्थासँग वडा नं. ०६ मा आपतकालीन सुरक्षित आवास गृह निर्माण गर्नका लागि रु. १२,००,०००। (बाह्र लाख मात्र) रकम रहेको र सोका लागि समपुरक रकम माग भएकोले सुरक्षित आवास गृह निर्माणका लागि रु. १२,००,०००। (बाह्र लाख मात्र) नपाको समपुरक कोषबाट विनियोजन गर्ने निर्णय गरियो र उक्त निर्माणका लागि रु. ३०,००,०००। (तीस लाख मात्र) भित्रको लागत अनुमान तयार गरी टेण्डर आह्वान गर्ने निर्णय गरियो ।

निर्णय नं. ०८

यस परशुराम नगरपालिका नगरकार्यपालिकाको प्रवक्तामा वडा नं. ०६ का वडा अध्यक्ष श्री खगेन्द्र बहादुर सिंहलाई तोक्ने निर्णय गरियो ।